



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन ०६ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 July 2 1 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२३

## पालिकामा अनियमितता, आर्थिक वर्षको अन्तमा करोडौं खर्च

आरके पटेल, वीरगंज, ५ साउन/

पर्सा जिल्लाका स्थानीय पालिकाहरूले आफैंले सार्वजनिक गरेका नीति तथा कार्यक्रमलाई पाखा लगाउँदै अनावश्यक शीर्षकमा करोडौं रकम खर्च गरेको पाइएको छ। पालिका प्रमुखहरूले आर्थिक वर्षको अन्तिम चरणमा आएर आफूखुशी रकम बाँडफाँड तथा रकमान्तर गरी हिनामिना गरेको पाइएको छ। कोष तथा लेखा नियन्त्रकको कार्यालय पर्साका अनुसार जनप्रतिनिधिहरूले बजेट सिध्याउन सजिलो हुने, अनियमितता तथा कमिशन र भ्रष्टाचार गर्न मिल्ने शीर्षकमा रकमान्तर गरी करोडौं रकम खर्च गरेका छन्।

पालिकाको बजेटको ठूलो हिस्सा आर्थिक वर्षको अन्तिम दुई/चार दिनमा खर्चिनुले पनि त्यहाँ अनियमितता एवं गुणस्तरहीन काम भएको कोलेनिकाका अधिकारीहरूको तर्क छ। त्यस्ता शङ्कास्पद अवस्थाका पालिकाहरूको केही बजेटसमेत रोकेको कोलेनिकाले जनाएको छ। "११ महीनासम्म केही नगर्ने तर १२औं महीना असारको मसान्तसम्ममा आफूखुशी रकम बाँडफाँड गरी ठूलो रकमको चेक काट्नुले उनीहरूको नियतमाथि शङ्का गर्नुपर्ने ठाउँ देखिएको छ," कोलेनिका पर्साका प्रमुख रुद्रबहादुर कार्कीको भनाइ छ।

"प्रचलित ऐन, कानून, नीति, नियम एवं पालिकाले तय गरेको बजेट पुस्तिकाको आधारमा काम गर्नुको साटो कुल बजेटको ५० प्रतिशत रकम वर्षको अन्तिम १५ दिनमा सिध्याउनेहरूले कस्तो विकास गरे होलान् सहजै अनुमान गर्न सकिन्छ," प्रमुख कार्कीले भने। सङ्घ वा प्रदेश सरकारले पठाएको रकम सम्बन्धित पालिकालाई पठाउने मात्रै नभई त्यसको लेखाजोखा तथा दुरुपयोग नियन्त्रण गर्नु पनि कोलेनिकाको अधिकारभित्र पर्ने भन्दै प्रमुख कार्कीले कोलेनिका अब एक्शनमा जाने बताए।

कोलनिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार बितेको आर्थिक वर्ष

(बाँकी तेस्रो पातामा)



पर्साका विभिन्न पालिकामा भएका निर्माण कार्य। तस्वीरः प्रतीक

## कृषि सामग्रीमा मलको मौज्दात थोरै

प्रस, वीरगंज, ५ साउन/

कृषि सामग्री कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय, वीरगंजले युरिया, डिएपी, पोटास मल केही मात्रामा सञ्चित रहेको जनाएको छ।




तस्वीरः प्रतीक

युरिया ६ हजार २७ मेट्रिक टन, डिएपी ६ हजार ५०५ मेट्रिक टन र पोटास ७०८ मेट्रिक टन सञ्चित रहेको प्रादेशिक प्रबन्धक गोरखनाथ केसीले बताए। आव २०७५/७६ मा युरिया ३ मेट्रिक टन, डिएपी ६८ मेट्रिक टन र पोटास ३३ मेट्रिक टन मौज्दात रहेको र गत वर्ष युरिया ६२ हजार ५४२ मेट्रिक टन, डिएपी ४३ हजार १६७ मेट्रिक टन र पोटास ४ हजार ६२१ मेट्रिक टन प्राप्त भएकोमा युरिया १० हजार ६६ मेट्रिक टन, डिएपी ५ हजार ३२९ मेट्रिक टन र पोटास ४८७ मेट्रिक टन बिक्री गरिएको उनले बताए।

यसैगरी, कृषि चुनढुङ्गा भने मौज्दात नरहेको बताइएको छ। आव २०७५/७६ मा मौज्दात रहेको ८ मेट्रिक टन र गत वर्ष प्राप्त २१ मेट्रिक टन गरी २९ मेट्रिक टन सबै बिक्री भइसकेको उनले बताए।

## पर्सामा ८० प्रतिशत धान रोपाइँ सम्पन्न

नितेश कर्ण, वीरगंज, ५ साउन/

पर्सा जिल्लामा अगहनी धान ८० प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र पर्साले जनाएको छ।



चैते र भदैया धान खेती र इनसेटमा बाली विकास अधिकृत सुरेशप्रसाद चौरसिया। तस्वीरः प्रतीक

वर्षाको कारण केही खेतमा पानी जमेको र सो पानी हटेपछि बाँकी २० प्रतिशत खेतमा पनि धान रोपाइँ हुन सक्ने बाली विकास अधिकृत सुरेशप्रसाद चौरसियाले बताए। उनले वर्षाको कारण खेत डुबानमा परेको र बीउलाई क्षति पुगेको हुँदा करीब सय हेक्टर धानखेती कम हुने बताए। पर्सा जिल्लामा ३५ हजार हेक्टर जमीनमा अगहनी धानखेती हुँदै आएको उनले बताए। अगहनी धान प्रतिहेक्टर ४.७३ मेट्रिक टन उत्पादन हुने गरेको बताए।

यसैगरी, यस वर्ष भदैया धान ८ हजार ५५० हेक्टरमा लगाइएको र प्रतिहेक्टर ५ मेट्रिक टन धानखेती हुने गरेको उनले बताए।

त्यसैगरी, चैते धान ३५ सय ५० हेक्टर जमीनमा लगाइएको र प्रतिहेक्टर ५.०१ मेट्रिक टन धान उत्पादन भएको उनले बताए।

उनले चैते धान १७ हजार ५ सय मेट्रिक टन, भदैया धान ४२ हजार ७५० मेट्रिक टन र अगहनी धान १ लाख ६५ हजार ५५० मेट्रिक टन गरी कुल २ लाख २८ हजार ५ सय ६० मेट्रिक टन धान उत्पादन हुने गरेको बताए।

## विपी उद्यानबाट फेरि छाप्रो हटाइयो



विपी उद्यानको जग्गामा बनाइएका छाप्रा भत्काइएपछि अलमलमा परेका डोम, मुसहर समुदाय। तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, ५ साउन/

वीरगंज महानगरपालिकाले विपी उद्यानमा बसोबास गर्दै आएका डोम, मुसहर समुदायको छाप्रो हटाएको छ।

२०औं वर्षदेखि सो ठाउँमा उनीहरू छाप्रो बनाएर बस्दै आएका थिए। महानगरले वैकल्पिक व्यवस्था नगरी वर्षायाममा छाप्रो भत्काएपछि बसोबासलाई लिएर समस्या भएको उनीहरूले बताएका छन्। महानगरपालिकाले यसअघि उनीहरूलाई स्वीमिङ पुल निर्माण गर्दा आदर्शनगरबाट सो ठाउँमा स्थानान्तरण गरेको थियो। अहिले विपी उद्यान निर्माणको लागि पर्खाल र ढलान कार्य हुँदैछ। यसका साथै उद्यान निर्माण डिपिआर अनुसार गर्ने योजना रहेको छ। सोही कारण छाप्रो हटाइएको हो।

आज बिहानै विपी उद्यानमा रहेका छाप्राहरू डोजर चलाएर हटाइएको हो। यसअघि पनि तीन/चार पटक त्यहाँ रहेका छाप्रा हटाइएको थियो तर छाप्रा हटाइए पनि विपी उद्यानको निर्माण कार्य अगाडि बढेको छैन।

रू ३५ हजार राशिको
सुबोध स्मृति पुरस्कार २०७८



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ।

इमेलः prateekdaily@gmail.com
अनलाइनः eprateekdaily.com
फेसबूकः facebook.com/prateekdainik

आयोजकः प्रतीक

## बढी भाडा लिने २३ वटा बस, टाटासुमोलाई कारबाई

प्रस, वीरगंज, ५ साउन/

प्रदेश २ ट्राफिक प्रहरी कार्यालय, पथलैया, बाराले सोमवार ११ वटा बस र १२ वटा टाटासुमोलाई यात्रीसँग बढी भाडा लिएको कसूरमा कारबाई गरेको छ।

कार्यालयका सूचना अधिकृत प्रनाउ सन्तुलालप्रसाद जैसवारले पर्सा, बारा, रौतहट, सर्लाहीबाट काठमाडौं जाने सवारीसाधनहरूले यात्रीसँग बढी भाडा लिएको गुनासोको आधारमा चेकजाँच गर्दा ११ वटा बस र १२ वटा टाटासुमो कारबाईमा परेको र २२९ जना यात्रीको रु ४७ हजार ४९५ बढी भाडा फिर्ता गराइएको बताए। उनले प्रदेश २ ट्राफिक प्रहरी कार्यालय पथलैयाले २० वटा सवारीसाधन र जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीले तीनवटा सवारीसाधन चेकजाँच गर्दा बढी भाडा लिएका यात्रीहरूको रकम फिर्ता गराइएको र सवारीसाधनलाई जरिवाना गरी छाडेको बताए।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**धनी बन्नका लागि एकएक पैसा जोड्नुपर्छ, गुणवान् बन्न एकएक क्षणको सदुपयोग गर्नुपर्छ । धन परलोकमा काम लाग्दैन, पुण्य जन्मजन्मान्तर काम लाग्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## व्यक्ति परिवर्तन मात्र

**नेपालमा तानाशाह दरिएका प्रधानमन्त्री ओलीको शासनको अवसान भएको छ । नेपालको राजनीतिक क्षेत्रमा यो सूर्यको अवसानजस्तै हो । यस मानेमा यहाँका शासकहरू 'सूर्य' हुन्, गुण टिमटिम गर्ने दियोजत्ति नभए पनि । किनकि यहाँको राजनीतिक समीकरणमा भोलि के काकताली परेर केपीशर्मा ओली पुनः सत्तामा हालीमुहाली गर्न थाल्छन्, केही भन्न सकिन्न । हामी यद्यपि नेपालमा लोकतन्त्र आयो भन्छौं, तर सारमा यहाँ व्यक्तितन्त्र मात्र हावी छ । हिजो व्यक्तिका रूपमा राजा थिए, राजतन्त्र थिएन, पछि प्रजातन्त्र आयो, तर त्यसले व्यक्तितन्त्रलाई नै जीवित राख्यो । आज नेपाल सङ्घीय गणतन्त्र बनेको छ, तर व्यक्तितन्त्रबाहेक के देखियो ? आज शासनमा शेरबहादुर देउवा आएका छन् । यो उनको पाँचौंपटकको सत्तारोहण हो । नेपालमा कतिपटक प्रधानमन्त्री बनियो, त्यसले कसैको चर्चा चल्छ, कोही प्रसिद्ध हुन्छ । उसले परिवर्तित व्यवस्था अनुसार देश र जनताका लागि काम गर्नुपर्छ भन्ने अनिवार्य छैन । नेपालको सत्ता र राजनीति व्यक्तिबाट माथि उठेर 'प्रजा', 'जनता' र 'लोक'को कहिले हुन पाएन । शेरबहादुर देउवाले नेतृत्व गरेको नेपाली काङ्ग्रेसमा प्रधानमन्त्री बन्ने योग्यता भएका व्यक्तिहरू नभएर देउवा नै प्रधानमन्त्री बनेका पक्कै होइनन् ।**

**जङ्गलमा एउटा सिंह वा बाघले शिकार गर्छ, अघाउन्जेल खाएपछि, बाँकी शिकार बोकेर लग्दैन, छाडिदिन्छ । त्यसपछि स्याल, ब्वाँसाहरू आउँछन् र आफ्नो पेट भर्छन्, तिनले पनि बोकेर लग्दैनन्, अघाएपछि आफ्नो बाटो लाग्छन् । अनि गिद्ध, कागहरू आउँछन् । ती पनि अघाएपछि आफ्नो बाटो लाग्छन् । अनि साना कीरा, फटयाङ्ग्रा, माखाहरूले पेट भर्छन् । अर्थात् एउटा सिनोबाट प्रकृतिका कैयौं प्राणीको जीविका चल्छ । तर नेपालको राजनीति कति निरीह छ, एउटा व्यक्तिको भोक मेटाउन सक्दैन । घरीघरी एउटै व्यक्ति प्रधानमन्त्री बन्छ । यसैलाई व्यक्तितन्त्र भनिएको हो । जङ्गलमा बाघ वा सिंहले गरेको शिकारमा तिनले अरूलाई पालो दिँदैनन् भने स्याल र ब्वाँसालगायत तिनको हुर्मत लिन तत्पर हुन्छन् र शेरले शिकार छोड्नुपर्छ । नेपालको राजनीतिको दुर्भाग्य यही हो कि यहाँ स्याल र ब्वाँसोको गुण भएका दोस्रो तहका नेताहरू छैनन् । त्यस्ता नेता जन्मन सकेनन् कि जन्मन नै दिइएन यो चाहिं खोजको विषय हो । तसर्थ शेरबहादुर देउवा पाँचौंपटक प्रधानमन्त्री बन्नुलाई न हर्ष न बिस्मातको राजनीतिक स्थिति भन्न सकिन्छ । हो, देउवाले आफ्नो कुनै एउटा पालामा देश वा जनताको लागि सिन्काजत्रो पनि गतिलो काम गरेको भए हाईहाई गर्नुहुन्थ्यो । यस अर्थमा नेपालमा ओलीपछिका योग्य र 'शेर' पुरुष देउवालाई नै मान्नुपऱ्यो !**

**सङ्घीयता र गणतन्त्र भनेको सबैलाई अधिकारको प्राकृतिक भागबन्डा र समान अवसरको प्राप्ति हो । आज देखिएका प्रमुख राजनीतिक दलहरूमा माओवादी केन्द्रबाट पुष्पकमल दाहाल, नेकपा एमालेबाट केपीशर्मा ओली र नेकाबाट शेरबहादुर देउवाबाहेकले त प्रधानमन्त्री बन्ने चिताउनै सक्दैनन् । रामचन्द्र पौडेलजस्ता पहिलो पुस्ताले त अवसर पाउँदैनन् भने गगन थापाहरू कहाँ छन् कहाँ ? यो नेपाली काङ्ग्रेसका नेता–कार्यकर्ताहरूको मात्र रोदन होइन, सत्तामा पुग्न सक्ने सबै दलका नेता–कार्यकर्ताहरूको यही हबिगत छ । व्यक्ति परिवर्तन हुँदैन, व्यवस्था र सत्ता मात्र परिवर्तन हुनुलाई पनि परिवर्तन भन्ने ? व्यवस्था परिवर्तनसँगै व्यक्तिको सोचमा त परिवर्तन हुँदैन । त्यसका लागि व्यक्ति पनि परिवर्तन हुनुपर्छ ।**

# सबैको जय होस् !

स्वतन्त्र विचार



विनोद गुप्ता

**... दुर्घटनाको दोष अरूलाई दिनुभन्दा समग्र ओलीजीको एमालेले विपक्षी राजनीतिज्ञ, बुद्धिजीवी र वकीलहरूसँग आफूले कहाँ–कसरी गलती गरेको भनेर लक्ष्मणले रावणको पाउनजीक उभिएर दीक्षा लिए जस्तै गरी ज्ञान लिन सके आउँदा दिनहरू उज्यालो हुन सक्छन् ।**

सर्वोच्च अदालतको संवैधानिक पीठले असार २८ गते गरेको फैसलाबाट ओलीको सत्ता गुमेको छ । संविधानको धारा ७६ (५) अनुसार शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त हुनुभयो तर उनलाई प्रथम ग्रासे मक्षिकाः पातम् जस्तै भएको छ । शपथग्रहणका लागि राष्ट्रपतिको कार्यालयले प्रकाशित गरेको विज्ञप्तिमा संविधानको धारा उल्लेख नगरिएको सम्बन्धमा उत्पन्न वादविवादका कारण उक्त समारोह ढिलो शुरू भयो । तर समारोहलाई राष्ट्रपतिले आफ्नो अशोभनीय व्यवहारले अमर्यादित बनाइदिनुभयो । शपथग्रहणपश्चात् न त राष्ट्रपतिले नवनियुक्त प्रधानमन्त्रीलाई बधाई ज्ञापन गर्नुभयो, न संवैधानिक अङ्गका प्रमुखहरूसँग प्रधानमन्त्रीको परिचय नै गराउनुभयो । सम्पूर्ण विश्व खासगरी कूटनीतिक क्षेत्रले यस व्यवहारलाई पक्कै नियालेको हुनुपर्छ र गणतान्त्रिक नेपालको राष्ट्रपतिको बारेमा आफ्नो धारणा बनाएको हुनुपर्छ । यतिले पनि नपुगेर अझ अगाडि बढ्दै नवनियुक्त महान्यायाधिवक्तालाई राष्ट्रपति भवनमा राष्ट्रपतिको उपस्थितिमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशले शपथग्रहण गराउने परम्पराविपरीत राष्ट्रपतिको कार्यालयले यसो गर्न अस्वीकार गरेको कारण नेपालको महान्यायाधिवक्ता, जो कानूनसम्मत ढङ्गले नेपाल सरकार र राष्ट्रपतिसमेतको कानूनी सल्लाहकार हुन्, उहाँलाई राष्ट्रपतिको अनुपस्थितिमा सर्वोच्च अदालतमा प्रधानन्यायाधीशले शपथग्रहण गराउनुभएको छ । संविधानको संरक्षकको भूमिकामा राष्ट्रपति कति खरो उत्रनुभयो, त्यसबारे नबोली आउँदा दिनमा उहाँबाट झन् कस्ता कार्यहरू हुनेछन्, त्यसको अनुमान भने लगाउन सकिन्छ ।

पूर्वगृहमन्त्री खगराज अधिकारीको विचारमा सर्वोच्चले सधैं काङ्ग्रेसको पक्ष र एमालेको विपक्षमा फैसला गर्ने गरेको इतिहास नै भएको दाबी गरिरहँदा सर्वोच्चले नै नेकपा विघटन गरेर एमालेलाई लाग्न पुगेको गुन भुसुक्क बिर्सिनु मात्रै भएन संवैधानिक अङ्ग निर्वाचन आयोगले दर्ता भएको दलकै नाममा पुनः नेकपा किन दर्ता गऱ्यो भन्न छुटाउनुभयो । त्यस्तै, केशव बडालले नेपाली व्याकरण पाठ गर्दै माधवकुमार नेपाललाई धोकेबाज, गद्दारसम्म भन्न भ्याउँदा १५ वर्षसम्म एमालेको सर्वोच्च पद महासचिवमा आसीन र प्रधानमन्त्रीसमेत भइसकेका माधवकुमार नेपाल तथा झलनाथ खनाललाई कसरी टुक्राटुक्रामा एमालेमा अपमानित गरेर राखिएको थियो भन्ने कुरा तथा यस्तो व्यवहारलाई नेपाली व्याकरणमा के भनिन्छ भन्न भ्याउनुभएन । पढेलेखेका र विद्वान् नै नभए पनि जान्ने बुझ्नेमा दरिने खगराज अधिकारी र केशव बडाल जस्ताको त यस्तो मति छ भने सूर्य थापा र महेश बस्नेतको त के कुरा गर्नु ?

उहाँहरूको विचारमा देउवाको १४९ र ओलीको १५३ मध्ये ओलीको १५३ लाई ठीक मानेर प्रतिनिधिसभाको सदस्य सङ्ख्या ३०२ मानेको भए सर्वोच्चको फैसला संविधानसम्मत हुन्थ्यो र उहाँहरूले अदालतको जयजयकार गर्नुहुन्थ्यो । त्यसैगरी, ओली सरकारको पहिलो प्रतिनिधिसभाको विघटन बदर गर्दा 'संसद्बाट सरकार बन्ने सम्भावना रहेसम्म विघटन गर्न नमिल्ने' भनेर गरेको आफ्नो आदेशलाई संविधानमा कहीं उल्लेख नगरेको भएपनि पटक–पटकको विघटन प्रमको जन्मसिद्ध वा वंशजकै अधिकार हो भनेर फैसला गरिदिएको भए श्रीमान्हरूको पुतला जलाउनुको सट्टा तस्वीरमा माल्यार्पण गरेर जुलुस निकाल्नुहुन्थ्यो होला । अझ पारिश्रमिकको दफामा उल्लिखित उन्मुक्तिलाई गणतन्त्रमा राष्ट्रपतिको कामकारबाई र त्यो पनि पदीय दायित्व निर्वाह गर्दाको बारे अदालतमा मुद्दा चलाउन नमिल्ने फैसला गरेको भए शायद राष्ट्रपतिले महान्यायाधिवक्तालाई राष्ट्रपतिको कार्यालयमा शपथग्रहण गराउन पनि दिनुहुन्थ्यो होला । संसारभरि नवनियुक्त प्रधानमन्त्रीको शपथग्रहणमा निवर्तमान उपस्थित हुने परम्परा कूटनीतिक संस्कार नै भइसकेको बेला हाम्रा निवर्तमान शपथग्रहणमा सहभागी नहुनु र बालुवाटारबाट बालकोट प्रस्थान गर्दा गर्नुभएको 'रोड शो'ले उहाँको सत्तालिप्सालाई नै दर्शायो । त्यसबाट पनि नपुगेर बालकोटको बार्दलीबाट उहाँले गर्नुभएको भाषणाले त झन् सबै प्रजातान्त्रिक संस्कारको सीमा नै नाघ्यो । यी सबै घटनाक्रमले अरूको जीउको जुम्रा देख्ने तर आफ्नो जीउको भैंसीसमेत नदेख्ने उखान चरितार्थ भएको छ वा भइरहेको छ ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि कुनै चमत्कार भइहाल्नेछैन । यसको बान्की विजयकुमार गच्छदार प्रकरण र यातायातको भाडा वृद्धिमा नयाँ सरकारले मौनता लिइसकेको छ । शासन त्यसैगरी चल्नेछ, गङ्गामाया र निर्मलाले न्याय पाउने आशा पनि नराखे हुन्छ । मानव अधिकार आयोगको सिफारिश, अदालतको फैसला र अख्तियारको रवैयामा समेत केही फरक पर्नेछैन । तर कमसेकम संसद् विघटन नै भए विधिसम्मत ढङ्गबाट हुने, अध्यादेशबाट शासन नचल्ने र कूटनीतिक मर्यादाको पालना हुने अपेक्षासम्म गर्न सकिन्छ । प्रजातन्त्रमा जीतलाई उमङ्गका साथ एवं हारलाई पनि धाँधलीरहित भए स्वाभाविकरूपमा लिइन्छ । विश्वमा अग्रणी प्रजातान्त्रिक देश अमेरिकाका राष्ट्रपति ट्रम्पले जाँदाजाँदै संसद्मा जे गरे, गराए त्यसको तुलनामा नवनिर्वाचित अमेरिकी राष्ट्रपति बाइडेनले श्वेत प्रहरीद्वारा हत्या गरिएका अश्वेत नागरिकका छोरासँग घुँडा टेकेर क्षमायाचना गर्नुमध्ये कसलाई प्रजातान्त्रिक संस्कार भन्ने पाठक स्वयंले निर्णय गर्दा राम्रो हुनेछ । तर यस घटनाको तुलनामा नेपालको सामाजिक सञ्जालमा प्रकाशित स्व किसुनजीको छाता एवं गाग्रो भएको तस्वीरलाई भर्खरै निवर्तमान हुनुभएका ओलीको लावालस्करसँग भने पक्कै तुलना गर्न सकिन्छ । यो कुरा फोटो प्रकाशित भएकोले मात्रै लेखेको हुँ । अन्यथा मेरो विचारमा यो तुलनायोग्य नै छैन र गर्नु 'डेयर डेभिल एक्ट' हो ।

उहाँहरू (ओली समर्थकहरू) किन यसरी सोच्नुहुन्छ ? प्रतिक्रियात्मक सोचलाई 'इन्डिभिजुअल लाइक' र 'डिसलाइक' भनिएको छ । त्यसै अनुसार यसलाई धनात्मक (पोजेटिभ) र ऋणात्मक (नेगेटिभ) भनिएको छ । एउटा गिलासमा आधा हुने गरी राखिएको पानीलाई आधा भरिएको भन्नेहरू धनात्मक सोचका र आधा खाली भन्नेहरू ऋणात्मक सोच भएका मानिन्छन् । ओलीको एमालेमा ऋणात्मक सोच भएकाहरूको बाहुल्यता भएकाले होला माधवकुमार नेपाल समूहका धनात्मक सोच भएकाहरू त्यहाँ अटाएनन् र यही कारणले ओलीले नजानिंदो किसिमबाट आफ्ना प्रिय प्रतिपक्षी साथी देउवालाई सत्ता हस्तान्तरण गर्ने वातावरण बन्यो । अहिले आक्रोश पोखेर के गर्ने ? पहिला नै सबै पक्षको विचार सुनेर हिंडेको भए दुई तिहाइ अल्पमतमा परी विश्वासको मत नै नपाउने दुर्दिन हेर्नुपर्ने थिएन । त्यसैले भनिन्छ, राजनीति राम्रो होइन तर त्यसमध्ये सबैभन्दा दोस्रो राजनीति प्रजातन्त्र हो किनभने यसमा विपक्षीहरूले ठाउँ–ठाउँमा सचेत गराइरहेका हुन्छन् । नचेते दुर्घटना अवश्यम्भावी छ ।

मदमस्त भएर दुई तिहाइको अभिमानमा गाडी चलाउँदा भएको दुर्घटनाको दोष अरूलाई दिनुभन्दा समग्र ओलीजीको एमालेले विपक्षी राजनीतिज्ञ, बुद्धिजीवी र वकीलहरूसँग आफूले कहाँ–कसरी गलती गरेको भनेर लक्ष्मणले रावणको पाउनजीक उभिएर दीक्षा लिए जस्तै गरी ज्ञान लिन सके आउँदा दिनहरू उज्यालो हुन सक्छन् ।

बुधवार ६ गते प्रकाशित हुने यो लेख लेखिरहँदा आज साउन ३ गते आइतवार नै बोलाइएको प्रतिनिधिसभा बैठकमा सम्माननीय प्रम शेरबहादुर देउवाले विश्वासको मत लिनुहुने भएको र सोको परिणाम सार्वजनिक हुँदा आवश्यक १३६ को सट्टा १६५ मत प्राप्त गरी उहाँ सदनको विश्वास जित्न सफल हुनुभएको छ । उहाँले माग्नुभएको विश्वासको मतमाथि आफ्नो धारणा राख्दै एमालेका तर्फबाट पूर्वपरराष्ट्रमन्त्रीले आफ्नो विचार राखेपछि काङ्ग्रेसका डा मिनेन्द्र रिजाल र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले जे भन्नुभयो त्यो त एमालेलाई यथेष्टभन्दा बढी नै पुगेको जस्तो लाग्छ तर विश्वासको मत जितेपछि प्रम देउवाले निवर्तमान प्रमलाई सम्झँदै 'उहाँ आउनुभएको भए मलाई खुशी लाग्ने थियो' भन्ने भनाइ राखेर एमालेको ओली समूहले जतिसुकै प्रजातन्त्र वा जबजको खोल ओढे पनि वस्तुतः त्यो समूह उग्रवामपन्थीहरूको समूह हो भन्ने तथ्य सार्वजनिक भएको छ । त्यसो नहुँदो हो त दुई तिहाइ बहुमत प्राप्त गर्ने दलको नेताको रूपमा एकलौटी शासन सञ्चालन गर्ने यिनीहरूले मदन भण्डारीको शङ्कास्पद मृत्युको सम्बन्धमा छानबीन गर्ने एउटा आयोगसम्म गठन गर्न नसक्नुलाई के भन्न सकिन्छ ? विभाजित जसपाका तर्फबाट बोल्दै महन्थ ठाकुरले प्रमलाई परमादेशको प्रधानमन्त्री भनेर सम्बोधन गर्दै समर्थन भने दिने भनिरहँदा कुन नैतिक धरातलमा उभिएर उहाँले यसो भन्नुभयो सोचिरहनु आवश्यक छैन किनभने उहाँसँग बाँकी रहेका १२ जनामध्ये ४/५ जना त मन्त्री हुन नसके बाँच्नै नसक्ने र त्यो अवस्था आएमा यादव समूहमा सामेल हुनसमेत नहच्किने खालका भएकाले आफ्नो गरिमा जोगाउनसमेत उहाँलाई यति गर्नुपर्ने बाध्यता नै थियो । एमालेको नेपाल समूहबाट डा भीम रावलले सांसदको पदबाट राजीनामा दिनुभयो भने केही सहभागी हुनुभएन । सर्वोच्चमा दिइएको मुद्दामा शेरबहादुर देउवालाई प्रम नबनाएको असंवैधानिक भयो भनेर न्याय माग्न जाने १४९ मध्येका उहाँहरूले कुन नैतिक धरातल टेकेर यस्तो गर्नुभयो, त्यो त आउँदा दिनमा स्पष्ट नै हुनेछ तर समग्रमा नेपाली जनताले राहतको सास फेरेको हुनुपर्छ । किनभने सङ्घीय सरकार अब सत्ताको उठापटकबाट १/२ वर्षको लागि मुक्त भएको छ र यो सरकारले आफ्नो स्थापना वा गठनको गरिमा बुझेमा प्रमले के भनेझैं पहिलो प्राथमिकतामा जीवनरक्षाको लागि खोपलाई जनमानसको पहुँचमा बढाउँदै जनजीवनलाई सामान्य लयमा फर्काउन सकेर आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सक्नु नै ठूलो उपलब्धि हुनेछ ।

## सप्तरीमा ४ सय घरधुरी डुबानमा

प्रस, सप्तरी, ५ साउन/

बाढीका कारण सप्तरीमा चन्द्रनहरको डिल भत्किंदा ४ सय धुरीभन्दा बढी घर डुबानमा परेका छन् । सप्तकोशी नगरपालिका वडा नं ४ बलार्दहस्थित चन्द्रनहरका दुईवटा डिल भत्किंदा ४ सयभन्दा बढी घर डुबानमा परेको नगरपालिकाका प्रमुख उत्तम गौतमले बताएका छन् ।

लगातारको वर्षापछि विभिन्न खोला र नदीमा आएको बाढी ओभरफ्लो हुनुका साथै चन्द्रनहरको डिल भत्किंदा भेल बाढी बस्तीमा पसेको हो ।

मुलुककै ऐतिहासिक पुरानो, जीर्ण अवस्थामा रहेको चन्द्रनहरको डिल भत्किएर नहरको भेलबाढी बस्तीमा पसेको नगरपालिका प्रमुख गौतमले बताए । बाढीको कारण चन्द्रनहरमा पानी ओभरफ्लो हुनुका साथै तीव्र गतिमा बगिरहेको छ ।

महादेवा गाउँपालिका वडा नं ४ मा पनि यो नहर भत्किने अवस्थामा पुगेको गाउँलेहरूले बताएका छन् । उक्त नहरलाई बचाउन सो क्षेत्रका स्थानीयले माटो हालेर रोक्ने प्रयास गरिरहेका छन् । उक्त नहर भत्किएमा महादेवा आसपासका सयौं घर थप डुबानमा पर्ने खतरा रहेको स्थानीय बासिन्दाले बताएका छन् ।

राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा सप्तरीको तत्कालीन फत्तेपुर गाविसदेखि पकरी गाविससम्म यो चन्द्रनहर निर्माण गरिएको थियो । त्रियुगा नदीबाट शुरू हुने यो नहर खाँडो खोलामा आएर मिसिने गर्दछ ।

## कमला नदीले बाँध भत्काउने खतरा

प्रस, जनकपुरधाम, ५ साउन/

लगातारको वर्षासँगै आएको बाढीको कारण कमला नदीले कटान शुरू गरेको छ । धनुषाको सबैला नगरपालिका वडा नं १३ मा मङ्गलवार बिहानैदेखि कटान शुरू गरेको छ ।

नदी कटान शुरू भएपछि उक्त क्षेत्रका बासिन्दालाई सतर्क रहन स्थानीय प्रशासनले सूचना जारी गरेको छ । कमला नदीले किरतपुरस्थित बाँधमा लगातार क्षति पुऱ्याइरहेको छ । सोही क्रम जारी रहेमा बाँध भत्किन सक्ने र त्यसले ठूलो क्षति पुऱ्याउने भएकोले कटान रोकथामका लागि सुरक्षाकर्मी परिचालन गरिएको छ । नदीको पश्चिमतर्फको बाँधमा सोमवार रातिदेखि कटान शुरू गरेको जिल्लास्थित सुरक्षा स्रोतले जनाएको छ ।

नदीमा आएको बाढीले तटबन्धका अधिकांश भाग कटान गरिसकेको प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले जानकारी दिएका छन् । कटान हुन थालेको सूचना पाएलगत्तै रोकथामका लागि सो क्षेत्रमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली खटाएको प्रजिअ बाँस्तोलाले बताए ।

जिल्लाका सुरक्षा प्रमुखहरूसहित कटान क्षेत्रमा पुगेका प्रजिअ बाँस्तोलाले हाल अस्थायीरूपले काम शुरू गरिए पनि अझै ठूलो वर्षा भएमा तटबन्ध कटानलाई रोक्न नसकिने बताए । सो सम्बन्धमा केन्द्र र प्रदेश सरकारलाई समेत जानकारी गराइसकेको भन्दै उनले

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख ९५ हजार नाघ्यो

बेइजिङ, ५ साउन/सिन्हवा

कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख ९५ हजार नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा ४० लाख ९५ हजार ८६३ जनाको मृत्यु भएको छ। विश्वभरि कुल सङ्क्रमितको सङ्ख्या १९ करोड ८ लाख ९० हजार ६५९ जना रहेका छन् । विश्वभरि तीन अर्ब ६५ करोड २४ लाख २ हजार ९४० मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ ।

### कोभिड खोप लगाएका व्यक्ति साउदी अरेबिया जान पाउने

रियाद/सिन्हवा

साउदी अरेबियाले कोभिड–१९ विरुद्धको खोप लगाएका व्यक्तिलाई आफ्नो देशमा आउन पाउने अनुमति दिएको छ । कोभिड खोपको दुवै मात्रा लगाएका व्यक्तिलाई मात्र देश भ्रमणको अनुमति दिइने निर्णय साउदी अरेबियाको सरकारले गरेको बताइएको छ ।

यसअघि साउदी अरेबियाले विभिन्न देशबाट यात्रा प्रतिबन्ध लगाएको थियो। साउदी अरेबियामा पनि पछिल्लो समयमा कोभिडको नयाँ भेरियन्ट भेटिएकाले धेरै मानिस सङ्क्रमित हुन पुगेका छन्। त्यसैले कैयौं देशबाट यात्रामा प्रतिबन्ध लगाएको साउदी अरेबियाले अहिले भने कोभिडको दुवै खोप लगाएका व्यक्तिलाई साउदी अरेबिया जान पाउने गरी खुला गरेको हो ।

यहाँका आन्तरिक मामिलासम्बन्धी मन्त्रालयले सोमवार सो निर्णय गरेको हो । सो मन्त्रालयले कोभिडविरुद्धको सतर्कताको एक अभियानका रूपमा यो नियम बनाएको हो। साउदी प्रेस एजेन्सीले सोमवार सो समाचार दिएको छ। उक्त एजेन्सीका अनुसार साउदी अरेबियाले यही अगस्त ९ बाट यात्रा प्रतिबन्ध फुकुवा गरिने बताएको छ ।

यसअघि यहाँ कडा नयाँ भेरियन्टका कारण धेरै ठूलो सङ्ख्यामा सङ्क्रमितहरू देखिएकामा पछिल्ला केही दिनमा सङ्क्रमणको सङ्ख्या घटेपछि यो निर्णय गरिएको हो। साउदी अरेबियाले गत मे १७ देखि यो यात्रा प्रतिबन्ध लगाएको थियो। त्यसयता यहाँ कैयौं विदेशी उडान पनि रोकिएका थिए ।

### भारतमा थप ३० हजार ९३ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ५ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ३० हजार ९३ जना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ। सोमवार थप भएको सङ्क्रमितको यो सङ्ख्या गएको १२५ दिनमा सबैभन्दा कम भएको बताइएको छ । भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ११ लाख ७४ हजारभन्दा बढी पुगेको छ ।

भारतमा अहिले पनि कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या चार लाख ६ हजार १३० रहेको अधिकारीले जनाएका छन्। पछिल्लो एक दिनमा कोरोना भाइरसका कारण थप ३७४ जनाको मृत्यु भएको पनि मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ। कोरोना भाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख १४ हजार ४८२ पुगेको पनि सो मन्त्रालयले जनाएको छ। रासस

## अमेरिकी राष्ट्रपति र जोर्डनका राजाबीच भेटवार्ता

वाशिङ्टन, ५ साउन/सिन्हवा

अमेरिकी राष्ट्रपति जो बाइडेन र जोर्डनका राजाबीच द्विपक्षीय हित र अन्य आपसी सम्बन्धका विषयमा वार्ता भएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेन र जोर्डनका राजा अब्दुल्लाह द्वितीयबीच सोमवार भेटवार्ता भएको ह्वाइट हाउसले जनाएको छ ।

त्यस क्रममा उनीहरूबीच अन्य क्षेत्रीय विषयमा पनि कुराकानी भएको बताइएको छ। जोर्डनका राजा अब्दुल्लाह द्वितीय हाल अमेरिकाको भ्रमणमा छन्। ह्वाइट हाउसले प्रकाशन गरेको विज्ञप्ति अनुसार अमेरिकी राष्ट्रपति बाइडेनले अमेरिका जोर्डनसँगको आपसी समझदारी र सहयोगलाई निरन्तरता दिन चाहेको बताएका थिए ।

इजरायल–प्यालेस्टाइनबीचको विवादमा जोर्डनले खेलेको भूमिकाको अमेरिकी राष्ट्रपति बाइडेनले प्रशंसा गरेको पनि सो विज्ञप्तिमा जनाइएको छ। हालै मात्र इराकको राजधानी बगदादमा इराक, जोर्डन र इजिप्टका बीचमा त्रिपक्षीय सम्मेलन पनि भएको थियो ।

अमेरिकी राष्ट्रपति बाइडेनले सो सम्मेलनमा जोर्डनको भूमिकाको सराहना गरेको पनि ह्वाइट हाउसले जनाएको छ। उनीहरूबीच सिरियाको बारेमा पनि कुराकानी भएको थियो । उनीहरूले सिरियामा शान्ति स्थापनाका लागि आवश्यक सहयोग गर्नेबारेमा पनि छलफल गरेका समाचारमा जनाइएको छ। रासस

## करेन्ट लागेर मठका पुजारीको मृत्यु

प्रस, सर्लाही, ५ साउन/

करेन्ट लागेर सर्लाहीमा रामजानकी मठका पुजारीको मृत्यु भएको छ। मृत्यु हुनेमा जिल्लाको बसवरिया गाउँपालिका–६ सोहडवास्थित रामजानकी मठका पुजारी किशोरी दास वैरागी रहेको प्रहरीले जनाएको छ ।

विष्णु गाउँपालिका वडा नं ८ बत्रौल स्थायी घर भएका पुजारी वैरागीलाई मङ्गलवार भजनकीर्तनको लागि मन्दिरमा माइकको तार जोड्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो । ६० वर्षीय वैरागीको घटनास्थलमैं मृत्यु भएको सर्लाही प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए।

### कमला नदीले.....

नदीको सतह घट्दै गएमा समस्या नहुने बताए ।

बाढीले नदी तटबन्ध कटान गर्न थालेपछि असर पर्न सक्ने क्षेत्र सबैला, शहीद र कमला नगरपालिका तथा जनकनन्दनी गाउँपालिका क्षेत्रका बासिन्दाहरू त्रसित बनेका छन्। तटबन्ध फुटेमा सो क्षेत्रका अधिकांश गाउँ डुबानमा पर्न सक्ने देखिएको छ ।

### पालिकामा....

२०७७/७८ मा पर्साका १४ वटा स्थानीय तहमध्ये वीरगंज महानगरले सङ्घ सरकारबाट अनुदानबापत रु १ अर्ब ४३ करोड पाएकोमा चालूतर्फको रु ३८ करोडमध्ये १५ करोड असारको अन्तिम सातामा आएर खर्च गरेको छ। पोखरिया नगरपालिकाले पनि सङ्घीय सरकारबाट रु ३५ करोड २८ लाख पाएकोमा चालूतर्फको ८ करोडमध्ये अन्तिम १५ दिनमा २ करोड खर्च गरेको छ ।

बहुदरमाई नपाले आव २०७७/७८ मा सङ्घीय सरकारबाट रु ३२ करोड ७४ लाख पाएकोमा चालूतर्फको ७ करोडमा २ करोड आव पछिल्लो १५ दिनमा खर्चेको छ। त्यसैगरी, पर्सागढी नपाले सङ्घीय सरकारबाट रु २९ करोड ४८ लाख पाएकोमा चालूतर्फको ७ करोडमध्ये २ करोड १५ लाख असारको अन्तिममा खर्च गरेको छ ।

जिल्लाका गापाहरूमा पकाहामैनपुर गापाले सङ्घ सरकारबाट रु २० करोड ५२ लाख पाएकोमा चालूतर्फको ५ करोडमा ४ करोड रुपैयाँ पछिल्लो १५ दिनमा खर्चेको छ। कालिकामाई गापाले सङ्घ सरकारबाट रु २२ करोड २२ लाख पाएको थियो । सोमध्ये चालूतर्फको ६ करोडमा २ करोड रुपैयाँ १५ दिनमा खर्च गरेको छ। त्यसैगरी, धोबिनी गापाले सङ्घ सरकारको रु २१ करोड ४६ लाखमध्ये चालूतर्फको ५ करोडमा २ करोड १५ दिनमा खर्चेको छ । ठोरी गापाले सङ्घ सरकारबाट रु २९ करोड ४३ लाख पाएकोमा चालूतर्फको ६ करोडमा ३ करोड १५ दिनमा खर्च गरेको छ।

कोलेनिका अनुसार विन्ध्यवासिनी गापाले सङ्घ सरकारबाट रु २४ करोड ८ लाख पाएकोमा चालूतर्फको ५ करोडमध्ये ३ करोड पछिल्लो १५ दिनभित्र खर्च गरेको छ । सखुवाप्रसौनी गापाले सङ्घ सरकारबाट पाएको रु ३२ करोड ६७ लाखमा चालूतर्फको ८ करोडमा ३ करोड १५ दिनमा खर्च गरेको छ । पटेर्वासुगौलीले सङ्घबाट रु २७ करोड ७७ लाख अनुदान पाएकोमा चालूतर्फको ५ करोडमध्ये ३ करोड असार महीनामा मात्र खर्च गरेको छ। जगरनाथपुर गापाले सङ्घ सरकाराबाट रु २७ करोड ९५ लाख पाएकोमा चालूतर्फको ७ करोडमा ३ करोड असारको पछिल्लो १५ दिनमा खर्च गरेको छ।

छिपहरमाई गापाले पनि सङ्घ सरकारबाट रु २५ करोड ८ लाख अनुदान पाएकोमा चालूतर्फको ७ करोडमा ३ करोड रुपैयाँ असारको पछिल्लो १५ दिनमा खर्च गरेको छ । जीराभवानी गापाले सङ्घ सरकारबाट रु २५ करोड ४४ लाख पाएकोमा चालूतर्फको ४ करोडमा ३ करोड पछिल्लो चरणमा खर्च गरेको छ। पालिकाहरूले अन्तिम चरणमा आएर कतिपय योजना एकै दिनमा सिध्याएको पनि पाइएको छ । एक वर्षसम्म चुप बसेका जनप्रतिनिधि र कर्मचारीहरूले बर्खा लागेपछि आवको अन्तिममा बाटो ढलान, भवनको छत तथा नाला ढलानलगायतका कामहरू गरेका छन् ।

सिंहदरबारको अधिकार पालिकामार्फत गाउँटोलमा आएको भनिए पनि पालिकाहरूको अपारदर्शी, अनियमितता एवं भ्रष्टाचारका कारण सर्वसाधारण नागरिक निराश भइसकेका छन् ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – मित्रमिलन | वृश्चिक – भाग्योदय |
| धनु – खर्चवृद्धि | मकर – मनोरञ्जन |
| कुम्भ – सफलता | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वर्गीकृत विज्ञापन








# खत्तम छ यो बाजे !

संस्मरण



डिआर दाहाल


**दैवको लीला विजय दाइकै बाटोमा ममता दिदी अनि आमा पनि लाग्नुभएछ। वीरगंजको इतिहासको साक्षी बनेर बसेको त्यो प्यारो हिमाञ्चल केबिनको ढोका सधैंको लागि बन्द भएको सुनेर कताकता एउटा इतिहासको अवसान भएको महसूस भएको छ।**

'खत्तम छ यो बाजे !' मैले अनेकथरी भनेर हसाउँदा उसले प्रायः यही शब्द भनेर ढ्याप्प ढाडमा हिर्काउँथ्यो मलाई। सुकिलो मान्छे, खाइलाग्दो ज्यान, बाह्रैमास टिलिक्क टल्केको टाउको । मानौं वीरगंजका लामखुट्टे ओर्लने हेलिप्याड नै थियो। कतिपटक त लामखुट्टे चिप्लिएर उत्तानो पर्छ होला होइन, विजय दाइ ? मैले भन्थें। 'खत्तम छ यो बाजे !' उसको रेडिमेड शब्द निस्किन्थ्यो। चौबीसैं घण्टा केही न केही गरिरहने व्यस्त मान्छे लाग्थ्यो मलाई, विजय दाइ। मानौं ऊ हरेक काममा विजय हासिल गर्न चाहन्थ्यो। हाफपेन्टमा सजिन मन पराउने तपाईं व्यस्त भएर पैन्ट लाउन नभ्याउने हो विजय दाइ ? मैले प्रायः सोधिरहन्थें। खत्तम छ यो बाजे ! उसले ठूलो स्वरमा हाँस्दै भन्थ्यो। जिन्दगीको यात्रामा कैयौं दिन र रात सँगै यात्रा गर्दा कहिल्यै थाकेको र निराश भावमा देखिएनन् विजय दाइ ।

जेसीजका यात्राहरूमा धेरै रात र दिन सँगै बिताएको छु मैले । 'दाइ, उलेनको मोजा लगाएर सुत्यो भने त राति नै मरिन्छ रे !' जेसीजको दमक महाधिवेशनमा एउटा कोठामा दशजना खादिएर सुत्दै गर्दा मैले भनेको थिएँ। पुसको महीनामा जुरुक्क उठेर मोजा खोल्दै उसले भनेको थियो– 'खत्तम छ यो बाजे !' उसले हत्तारिंदै मोजा खोल्दै गर्दा यस्तो भान हुन्थ्यो मानौं ऊ जिन्दगीको यात्रामा धेरै टाढासम्म हिंड्न चाहन्थ्यो। बाँच्न चाहन्थ्यो। पूर्व मेचीदेखि पश्चिम धनगढीसम्मको जेसीज अभियानको यात्रामा कहिल्यै थाकेको देखिनँ मैले विजय दाइलाई ।

धनगढी जेसीजको कार्यक्रममा सानो शहर धेरै पाहुनालाई खानपिन र सुत्ने व्यवस्था गर्नुपर्ने। हामी वीरगंज जेसीजका साथीहरू एउटा सानो होटेलमा सुतेका थियौं। उन्नत जातका लामखुट्टे र खलिफा उडुससँग लाप्पा खेल्दै हामी सुत्नै सकेनौं। झुल र धुप सम्झनामा मात्र थिए । सिरकले मुख छोप्यो कि गन्हाएर हुरुक्क हुने । के गरी सुत्ने ? विजय दाइले सोध्यो। मैले अन्डरवियरले मुख छोपेर सुत्नु भन्दा उसले भनेको थियो– 'खत्तम छ यो बाजे !' जसोतसो उज्यालो भयो। म, निशान्त, विवेक, सन्तोष, बद्री, गङ्गा दाइ, अमर, प्रवीण दाइ, गणेश दाइ हामी सबै उठ्यौं । त्यो सिरकरूपी ब्लान्केटको रङ्ग मुखमा सरेर सबैको मुख रातो, पहेंलो, हरियो, नीलो रङ्गीचङ्गी भएको थियो । हामी एकअर्काको मुख हेरेर खूब हास्यौं ।

त्यो बेला माओवादीको बिगबिगी। सातामा एक दिन पनि नेपाल बन्द नहुँदा अनौठो लाग्ने बेला । हामी जेसीजको कार्यक्रम सकेर काठमाडौंबाट वीरगंजका लागि रवाना भयौं। हेटौंडा र मनहरीको बीचमा राति सडकजाम थियो। शायद कुनै घटना भएको थियो । वर्षात्को समय घरी गाडीमा घरी सडकमा सुत्दै उज्यालो भयो। बिहानै भएकोले सबैलाई शौचालय नगई नहुने भयो। हामी सबैले जसोतसो जङ्गल झाडीको आडमा लुकेर गर्‍यौं। एकजना प्रिय मित्र थिए, राजा। उनलाई ढोका भएको शौचालय नै चाहिने। एकजनाको घरमा बिन्ती गरेर राजालाई शौचालय पठाइयो । मैले 'राजाहरू खानपिनका मात्र शोखिन भनेको त



स्व विजय राजकर्णिकार

शौचालयका पनि शोखिन हुँदा रै'छन्' भन्दा विजय दाइले 'खत्तम छ यो बाजे !' भन्दै हाँसेको थियो ।

विजय दाइको वीरगंज जेसीजमा अध्यक्षको कार्यकाल शुरू भयो । हाम्रो दैनिक जमघट हुने थलो बन्यो, हिमाञ्चल केबिन। सामान्यरूपमा भन्दा त्यो एउटा चियानास्ता र मिठाइको पसल थियो । तर हाम्रोलागि या भनौं वीरगंजवासीका लागि त्यो पुरातात्त्विक महत्त्वको स्थल थियो । शताब्दीदेखि वीरगंजको साक्षी बनेर बसेको थियो, हिमाञ्चल केबिन। धेरै आन्दोलन र राजनीतिक उथलपुथलको प्रत्यक्षदर्शी थियो, हिमाञ्चल केबिन। धेरै बटुवाको विश्रामस्थल थियो, हिमाञ्चल केबिन । घण्टाघरको सुखदुःखको साथी थियो, हिमाञ्चल केबिन। हाम्रो त साँझको विश्रामस्थल नै थियो, हिमाञ्चल केबिन । वीरगंज जेसीजको हल निर्माणदेखि लिएर हरेक कुराको योजनास्थल थियो, हिमाञ्चल केबिन । भित्र पसेपछि देब्रेपट्टिको सानो कोठा हाम्रो पेवा नै थियो। श्वास फेर्ने फुर्सद थिएन विजय दाइलाई। आफू अध्यक्ष हुँदाको कार्यकालमा जेसीजमा बढी समय दिने भनेर पसलको लागि छिटोछरितो सजिलै सबैले गर्न सक्ने भनेर एउटा सफ्टवेयर नै खरीद गरेको थियो उसले। भेज पकौडा र चियाका साथमा धेरै योजना बनायौं हामीले विजय दाइसँग। समय बित्दै गयो अनि समयको मागसँगै म पनि मेरो प्यारो कर्मस्थल वीरगंज छाडेर काठमाडौंतिर लागें । तथापि वीरगंज बाक्लो आउजाउ हुन्थ्यो र मुख्य गन्तव्यहरूमध्ये पर्थ्यो प्यारो विजय दाइ अनि हिमाञ्चल केबिन।

मलाई महीना र दिन सम्झना छैन र सम्झिने मन पनि छैन । वीरगंजबाट काठमाडौं आएर बसेका साथी/दाइहरू मिलेर कोरोनाकालको समयमा एउटा म्यासेन्जर ग्रुप बनेको थियो । कोरोनाकालको अत्यासलाग्दो समयमा उनीहरूसँग अनेकथरी कुरा हुन्थे, रमाइलो हुन्थ्यो ।

एक दिन अकल्पनीय खबर आयो ग्रुपमा। विजय हाम्रोबीच रहेनन् ! मृत्युको समाचार त दुःखद नै हुन्छ तर म ढुक्क थिएँ कि त्यो विजय हाम्रो विजय दाइ हैन भनेर। मैले भन्ठानें मेरो चिनजानका कोही होला। उसको शारीरिक बनावट, उसको मिजास, उसको निष्कपट शैली, उसको आफ्नोपन देखेर मलाई किन हो किन ऊ अजम्बरीझैं लाग्थ्यो। खबरमा आएको विजयको पछाडि पक्कै राजकर्णिकार जोडिएको छैन र नहोस् भन्नेमा ढुक्क थिएँ म। ढुक्क हुन खोजें। यो खबर अधूरै रहोस्। मन भित्रभित्रै हिमाञ्चल केबिननजीककै मन्दिर गहवामाई सम्झें । धेरै साथीसँग फोन सम्पर्क गर्ने प्रयत्न गरें । तर असफल रहें। पछि वासु दाइसँग कुरा भयो । दुर्भाग्य !

समाचार सत्य रहेछ। त्यो विजय अरू कोही नभएर राजकर्णिकार नै थियो। हाम्रो परम मित्र विजय। मनले स्वीकार गर्न तयार भइनँ । पापी कोरोनाले छोएपछि अरूले छुन नपाइने। सेनाले प्लास्टिकमा बेरेर जिम्मा लिएको शरीर झुक्किएर अरूको पनि त हुन सक्छ ? आखिर अनुहार कसले हेर्‍यो र ? एउटा झिनो आशा थियो मनमा। विद्या चापागाईंको 'हेर्ने' कथामा त्यसरी नै विदेशबाट बेरेर आएको व्यक्तिलाई जलाइन्छ । काजक्रिया गरिन्छ । तर पछि त्यो व्यक्तिको विदेशबाट फोन आउँछ र ऊ जिउँदै रहेको थाहा पाइन्छ। आज पनि ती व्यक्ति मोरङको एउटा गाउँमा हाँसीखुशी रमाइरहेका छन् । तिनको ठाउँमा बागलुङका अर्कै व्यक्तिको लाश जलाइएछ। म त्यही चमत्कारको झिनो आशामा थिएँ। तर सबै कथा 'हेर्ने' कथा जस्तो नहुँदो रहेछ ।

वीरगंजले कर्मठ युवा गुमायो। मैले एउटा असल मित्र। दैवको लीला विजय दाइकै बाटोमा ममता दिदी अनि आमा पनि लाग्नुभएछ। वीरगंजको इतिहासको साक्षी बनेर बसेको त्यो प्यारो हिमाञ्चल केबिनको ढोका सधैंको लागि बन्द भएको सुनेर कताकता एउटा इतिहासको अवसान भएको महसूस भएको छ ।

प्रत्येक घण्टामा बोलाइरहँदा जाने अनि सुखदुःखका कुरा गर्ने घण्टाघरको साथी थियो, हिमाञ्चल केबिन। सुन्दैछु आजकल त घण्टाघर पनि केही नबोली चुपचाप छ रे ! हिमाञ्चल केबिनको यादमा प्रत्येक घण्टापिच्छे आवाज दिन छोडेको छ अरे !

जिन्दगीका अनेक यात्रामा सँगै यात्रा गरे पनि पापी कोरोनाले गर्दा परम मित्रको अन्तिम यात्रामा सहभागी भएर पुष्प चढाउन नपाउनु चाहिं दैवको लीला नै त भन्नुपर्ला !

एउटा असल मित्र मृत्युबाट पराजय भएपनि हाम्रो मनमा सदैव विजय हासिल गरिरहनेछ। तिम्रो सधैं याद आइरहनेछ, विजय दाइ !


### हार्दिक श्रद्धाञ्जलि



जन्मः २०१५/१२/२६ गते

स्वर्गारोहणः २०७८/०३/२६ गते

स्व. किशोरकुमार कुर्मी

तत्कालीन बारा, बहुअरी गाविसका पूर्व गाविस अध्यक्ष **किशोरकुमार कुर्मी**को ६३ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा आज १२औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं।

**रामेश्वरप्रसाद कलवार** (वडाध्यक्ष)
परवानीपुर गाउँपालिका, वडा नं. ५, बारा

# यातायात व्यवस्था कार्यालयले १ अर्ब १५ करोड राजस्व बढी सङ्कलन

प्रस, परवानीपुर, ४ साउन/

यातायात व्यवस्था कार्यालय (सवारी) वीरगंजले गत आव २०७७/७८ मा रु १ अर्ब १५ करोड ९२ लाख ९२ हजार राजस्व सङ्कलन गरेको छ। उक्त कार्यालयले अघिल्लो आव २०७६/७७ भन्दा रु १७ करोड १ लाख १६ हजार रुपियाँ बढी राजस्व सङ्कलन गरेको हो।

यातायात व्यवस्था कार्यालय (सवारी) का प्रमुख कुशेश्वर साहका अनुसार आव २०७६/७७ मा कार्यालयले रु ९८ करोड ९१ लाख ७६ हजार राजस्व सङ्कलन गरेको थियो। गत आव २०७७/७८ मा सवारीसाधन करतर्फ रु ९४ करोड ७ लाख ५१ हजार, चालक अनुमतिपत्र/सवारी दर्ता किताब शीर्षकतर्फ रु १५ करोड ५९ लाख ५९ हजार, यातायात क्षेत्रको आम्दानी शीर्षकमा रु ६ करोड ३५ लाख ३० हजार र प्रशासनिक दण्ड–जरिवाना–जफततर्फ


तस्वीरः फाइल

रु ५० हजार ७ सय गरी कुल रु १ अर्ब १५ करोड ९२ लाख ९२ हजार राजस्व सङ्कलन भएको सो कार्यालयले जनाएको छ।

# एक सय हेक्टरमा वृक्षारोपण हुने

प्रस, सेढवा, ५ साउन/

डिभिजन वन कार्यालय, पर्साले यस वर्ष पाँच लाख बिरुवा उत्पादन गरी एक सय हेक्टरमा वृक्षारोपण गर्ने बताएको छ।


वृक्षरोपणको लागि नर्सरीमा हुर्काइएको बिरुवा। तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका, पोखरिया नगरपालिका, सबडिभिजन वन कार्यालय वसन्तपुर, सबैया, रङ्गपुर, मनवालगायतमा बिरुवा उत्पादन भइरहेको र सो बिरुवालाई यस वर्ष करीब एक सय हेक्टर क्षेत्रफलमा रोपिने डिभिजन वन कार्यालय वसन्तपुरका प्रमुख सुमन पाण्डेले बताए। शिरीष, कपोप, टीक, अमला, सफेदालगायतका बिरुवा असार २० गतेदेखि नै निश्शुल्क वितरण शुरू भएको प्रमुख पाण्डेले बताए।

कार्यालयमा बाँकी रहेका बिरुवाहरू पनि वितरण गरिने उनले बताए। डिभिजन वन कार्यालय पर्साका निमित्त प्रमुख फरमान मियाँले यस वर्ष पाँच लाख बिरुवा उत्पादन गर्ने लक्ष्य रहेको बताए।

उत्पादन गरिएका बिरुवा ९० हेक्टर खाली जग्गामा डिभिजन वन कार्यालयले वृक्षारोपण गर्ने जानकारी गराए। गत वर्ष १ लाख १० हजार बिरुवा सर्वसाधारणलाई वृक्षारोपणका लागि वितरण गरिएको उनले बताए।

# हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियानको भेला

प्रस, वीरगंज, ५ साउन/


तस्वीरः सौजन्य

हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियानका अभियन्ता नारायण ढकालले हिन्दू राष्ट्र कायम गराउन सङ्गठित भएर लाग्नुपर्ने बताएका छन्।

अभियानले वीरगंजमा आयोजना गरेको भेलामा बोल्दै उनले विश्वका १ अर्ब ३० करोड हिन्दूको आस्थाको केन्द्रको रूपमा नेपाल रहेको बताए। उनले नेपालमा ९४ प्रतिशत ओमकार परिवार रहे पनि चार/पाँच जना नेताले नेपाललाई धर्मनिरपेक्ष घोषणा गराएको आरोप लगाए।

भेलामा विश्व हिन्दू परिषद्का राष्ट्रिय सङ्गठन मन्त्री प्रह्लाद रेग्मीले कर्तव्य र त्यागबाट नेपाललाई पुनः हिन्दू राष्ट्र बनाउन सकिने बताए। उनले दलगत स्वार्थभन्दा माथि उठेर एकजुट भएर अगाडि बढे मात्र नेपालमा हिन्दू राष्ट्र कायम गर्न सकिने बताए।

भेलाले अभियानलाई सफल बनाउन वडा, नगर, पालिकास्तरीय सङ्गठन विस्तार गरी अगाडि बढ्न सुझाएको छ। हिन्दू स्वयंसेवक सङ्घ, पर्साका ललन द्विवेदीको अध्यक्षतामा भएको भेलामा विश्व हिन्दू परिषद्का जिल्ला अध्यक्ष ओमप्रकाश साह, उपाध्यक्ष कृष्णमोहन सहाय, रामराज्य परिषद्का जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल, पण्डित पुरुषोत्तम दुबे, शङ्कराचार्य पीठका अध्यक्ष डा अनिल झालगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## वीरगंजमा कोरा साइक्लिङ च्यालेन्ज सम्पन्न

प्रस, वीरगंज, ५ साउन/

वीरगंज साइक्लिङ क्लब र एनवाइइएफ वीरगंजको संयुक्त आयोजनामा पहिलोपटक कोरा साइक्लिङ च्यालेन्ज सम्पन्न भएको छ।



तस्वीर : सौजन्य

स्वास्थ्य मापदण्ड पूरा गरी २५ जनाको सहभागितामा कोरा साइक्लिङ च्यालेन्ज सम्पन्न गरिएको वीरगंज साइक्लिङ क्लबका अध्यक्ष सञ्जय अग्रवालले बताए। नेपालका विभिन्न स्थानमा कोरा साइक्लिङ यात्रा शुरू भएको छ। नेपालमा सन् २०१० मा एकजना जर्मन नागरिकले काठमाडौंमा यसको सुरुआत गरेका थिए। वीरगंजमा पहिलोपटक घण्टाघरबाट शुरू गरिएको र वीरगंज चिनी कारखाना हुँदै मकालु होटलसम्मको यात्रा पूरा गरिएको अध्यक्ष अग्रवालले बताए।

कोरा साइक्लिङ यात्रा कार्यक्रममा प्रदेश २ का ट्राफिक प्रमुख हिमालय श्रेष्ठ, जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख सुमन कार्की, वीरगंज भन्सारका सशस्त्र प्रहरी निरीक्षक सुवर्ण बम, व्यवस्थित वीरगंज अभियानका दिलीप कार्की, वीरगंज साइक्लिङ क्लबका अनुप अग्रवाल, सन्दीप बनर्जी, नेहा अग्रवाल, हेमा अग्रवाल, नैन्सी अग्रवाल, ऋतिक अग्रवाल, सालिनी अग्रवाल, सिमरन अग्रवाल, तमन्ना अग्रवाललगायतले सहभागिता जनाएका थिए।

कोरा साइक्लिङ च्यालेन्जमा १९ जना पुरुष र ६ जना महिला गरी २५ जनाको सहभागिता रहेको अध्यक्ष अग्रवालले बताए।

## प्रशिक्षक नियुक्त

काठमाडौं, ५ साउन/रासस

नेपाली राष्ट्रिय महिला फूटबल टोलीलाई प्रशिक्षण दिन तीन सहायक प्रशिक्षक नियुक्त गरिएको छ। एएफसी महिला एशियन कप–२०२२ छनोटको तयारीका लागि बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई प्रशिक्षण दिन अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले भगवती रानामगर, अरुणा गुरुङ र चेतन घिमिरेलाई नियुक्त गरेको हो। उनीहरूलाई एएफसी महिला एशियन कप–२०२२ छनोटको तयारीसम्मको लागि नियुक्त गरिएको एन्फा प्रवक्ता किरण राईले जानकारी दिए।

गोलकीपर प्रशिक्षकको जिम्मेवारी भने प्रकाश वैद्यलाई दिइएको छ। बन्द प्रशिक्षणका लागि ४५ खेलाडीलाई बोलाइएको छ। उनीहरूले सोमवारदेखि अभ्यास शुरू गरेका छन्। बन्द प्रशिक्षणमा अञ्जना रानामगर, एन्जिला सुब्बा, उषानाथ, सावित्री किशन, सपना राई, रेनुका नगरकोटी, सरू लिम्बू, अनिता बस्नेत र अनिता केसी सहभागी छन्।

यस्तै, गीता राना, अञ्जली योञ्जन, प्रीति राई, निशा थोकर, सिर्जना चेमजोङ, हीरा भुजेल, रविना गोले, सुषमा तामाङ, पूनम जर्गामगर, कविता धिमाल, सुनिता चौधरी, विमला विक, दीपा राई, सपना लामा, रश्मी घिसिङ, शर्मिला थापा र इन्द्रा राई पनि बन्द प्रशिक्षणमा रहेका छन्।

यसैगरी, अभ्यासमा सहभागी अन्य खेलाडीमा विमला चौधरी, अमृता जैशी, घिमकुमारी गुरुङ, सिर्जना खड्का, निर्मला विक, मनीषा राउत, पूजा राना, निर्मला उपाध्याय, रेखा पौडेल, दीपा न्यौपाने, शिवानी कुश्वर, सरस्वती हमाल, अमीशा कार्की, कुशुम खतिवडा, सिर्जना सिंह, सविता राणा, रजनी थोकर, सलोनी रानामगर र चुम्लुङमा राई रहेका छन्।

छनोट प्रतियोगितामा नेपाल समूह 'एफ'मा रहेको छ। नेपालको समूहमा फिलिपिन्स र हङकङ रहेका छन्। उक्त समूहको छनोट खेल नेपालमा हुने एन्फाले जनाएको छ। एएफसीले छनोटका लागि भदौ २८ देखि असोज ९ गतेको समय तय गरेको छ। समूहको शीर्ष टोलीले आगामी वर्ष भारतमा हुने एशियन कपमा प्रतिस्पर्धा गर्नेछ।

# आन्तरिक राजस्वद्वारा लक्ष्यभन्दा डेढ अर्ब कम राजस्व असुली

राधेश्याम पटेल, परवानीपुर, ५ साउन/

आन्तरिक राजस्व कार्यालय वीरगंजले गत आवमा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन। उक्त कार्यालयले लक्ष्यभन्दा करीब रु १ अर्ब ६७ करोड ४७ लाख १ हजार कम राजस्व सङ्कलन गरेको छ।

राजस्व कार्यालयले बितेको आव २०७७/७८ मा रु ९ अर्ब ८१ करोड ६८ लाख २ हजारको राजस्व सङ्कलन लक्ष्य


तस्वीरः फाइल

पाएकोमा ८२.९४ प्रतिशत अर्थात् रु ८ अर्ब १४ करोड २१ लाख १ हजार मात्र सङ्कलन गर्न सकेको जनाएको छ। कार्यालयका सूचना अधिकारी एवं कर अधिकृत हृदयनारायण महतोका अनुसार अन्तःशुल्क लक्ष्य अनुसार नउठेको कारण लक्ष्य भेटाउन नसकिएको हो। महतोले अन्तःशुल्कतर्फ रु ६ अर्ब ९९ करोड १३ लाख १७ हजार लक्ष्य रहेकोमा ५२.७१ प्रतिशत् अर्थात् ३ अर्ब ४२ करोड १७ लाख ४३ हजार मात्र सङ्कलन भएको बताए।

कार्यालयको तथ्याङ्क अनुसार मूल्य अभिवृद्धि करतर्फ रु १ अर्ब ४५ करोड ३७ लाख १७ हजार लक्ष्य पाएकोमा ४४.३९ प्रतिशतले वृद्धि भएर रु २ अर्ब ९ करोड ९० लाख राजस्व सङ्कलन भएको छ। त्यसैगरी, आयकरतर्फ रु १ अर्ब ७९ करोड ५२ लाख ६० हजार लक्ष्य पाएकोमा ४१.४० प्रतिशतले वृद्धि भई रु २ अर्ब ५३ करोड ८७ लाख ६५ हजार राजस्व सङ्कलन भएको छ। घरबहाल करतर्फ रु ३ करोड ४३ लाख ३६ हजार लक्ष्य पाएकोमा ९५.९९ प्रतिशत अर्थात् रु ३ करोड २९ लाख ५९ हजार, ब्याजकरतर्फ रु ३ करोड ८५ लाख ९८ हजार लक्ष्य पाएकोमा २८.५६ प्रतिशतले वृद्धि भई रु ४ करोड ९६ लाख २२ हजार राजस्व सङ्कलन भएको छ।

पर्सामा सञ्चालित करीब आधा दर्जन मदिरा उद्योग पलायन भएपछि अन्तःशुल्क घटेको हो। जिल्लामा सञ्चालित एशियन डिस्टिलरी, स्नोल्यान्ड डिस्टिलरी, एक्शन वाइन, धौलागिरि डिस्टिलरी, उदयपुर डिस्टिलरीलगायतको उत्पादन ठप्प हुँदा अन्तःशुल्कतर्फ लक्ष्य प्राप्त हुन सकेन। त्यसैगरी, हिमालयन डिस्टिलरी लिमिटेडले चितवनको भरतपुरबाट पनि गोल्डेन ओक उत्पादन थालेकोले आम्दानीमा असर परेको छ।

राजस्व कार्यालयले आव २०७६/७७ मा रु ११ अर्ब ३ करोड ६४ लाख ७२ हजार लक्ष्य पाएकोमा ५८.७३ प्रतिशत अर्थात् रु ६ अर्ब ४८ करोड १८ लाख ३० हजार मात्र राजस्व सङ्कलन गरेको थियो। त्यति बेला कोरोना महामारीले अन्तःशुल्कमा कमी आउँदा सरकारले दिएको लक्ष्य भेट्न नसकेको विश्लेषण गरिएको थियो। गत आवमा पनि कोरोना महामारीले राजस्व असुलीमा आंशिक असर पर्‍यो र अन्तःशुल्कको लक्ष्य उच्च रहेकोले लक्ष्य भेट्न नसकेको कर अधिकृतहरूको भनाइ छ।

# ग्रामीण भेगमा भाइरल ज्वरोको प्रकोप

प्रस, बिरुवागुठी, ५ साउन/


तस्वीरः प्रतीक

पर्साको ग्रामीण भेगमा भाइरल ज्वरोको प्रकोप फेरि देखिएको छ। वैशाखमा देखा परेको भाइरल ज्वरोको प्रकोप अहिले पुनः देखा परेपछि सबै उमेरका मानिस प्रभावित भएका छन्।

भाइरल ज्वरोले बच्चा, युवा, वृद्धवृद्धालगायत सबै उमेर समूहलाई सताएको छ। ग्रामीण भेगमा रहेका स्वास्थ्यचौकी, निजी क्लिनिकमा बिहानैदेखि उपचार गराउनेहरूको भीड लागेको देखिन्छ।

पर्सागढी नगरपालिका–३ निवासी दामोदरी दहालले घरका एकजना सदस्यमा भाइरल ज्वरो आउने बित्तिकै अर्का सदस्यमा सर्ने गरेको बताइन्।

राम हेल्थ क्लिनिकका स्वास्थ्यकर्मी रामबाबू साहले आफ्नो क्लिनिकमा उपचारको लागि आउने अधिकांश बिरामीमा टाउको दुख्ने, वाकवाकी लाग्ने, घाँटी सुक्ने, एक सयदेखि १०४ डिग्रीसम्म ज्वरो आउने, कमजोरी महसूस हुने आदि लक्षणहरू देखिएको बताए। कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखा परेपछि ग्रामीण भेगका स्थानीयहरू त्रासमा छन्।

